# बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**आ.व. २०८१।०८२ देखी ३ ठेक्का वर्षसम्म फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव/दरभाउपत्र आह्वानको सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०८१।०७।१२)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा बेसीशहर नगरपालिकाको निर्णयानुसार यस नगरपालिका क्षेत्र भित्र उत्सर्जन हुने फोहोरजन्य वस्तुहरुको संकलन, ढुवानी तथा व्यवस्थापन कार्यका लागि चालु आ.व. २०८१।०८२ को ठेक्का सम्झौता मिति देखी ३ वर्षको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएको हुदा इच्छुक व्यक्ति, संस्था, फर्महरुवाट निवेदन साथ फर्म दर्ता/नविकरण, स्थायी लेखा नम्बर/मू.अ.क. प्रमाणपत्र, आ.व. २०८०।०८१ को करचुक्ता प्रमाणपत्र वा म्यादथप पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउ-पत्र आह्वान गरिएको छ ।

**निम्न**

| ठेक्का नं | विवरण | न्यूनतम अंक(मू.अ.क. बाहेक) ३ वर्षको | बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम |
|---|---|---|---|---|
| Besishaharmun/Revenue/SQ/081/082/13 | बेसीशहर नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन कार्य | ९,००,०००।- | १,०००।- | कवोल गरेको अंकको ५% रकम |

**दरभाउ-पत्र सम्बन्धी शर्तहरुः-**

१. दरभाउ-पत्र फाराम मिति २०८१।०७।२६ गते कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ।
२. दरभाउ-पत्र फाराम दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक बेसीशहर शाखा स्थित आन्तरिक राजश्व **खाता नं ३०४०१००३०१०१०००२** मा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ । सो वापतको रकम कार्यालयमै बुझाउन समेत सकिनेछ ।
३. दरभाउ-पत्र साथ संलग्न राख्नुपर्ने कागजातहरुः
   **क.** नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
   **ख.** फर्मको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी
   **ग.** व्यवसाय गर्न इजाजत प्राप्त प्रमाण-पत्रको प्रतिलिपी
   **घ.** स्थायी लेखा नम्बर/मू.अ.क. प्रमाण-पत्रको प्रतिलिपी
   **ङ.** आ.व. २०८०।०८१ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी
   **च.** अख्तियारनामा
   **छ.** धरौटी रकमको बैंक भौचर वा बैंक जमानत-पत्र
   **ज.** स्वघोषणा पत्र

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

४. दरभाउ-पत्र फाराम मिति २०८१।०७।२७ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

५. इच्छुको दरभाउ-पत्रदाताले जमानत वापत कवोल अंकको (मू.अ.क. सहितको) ५% बराबरको रकम बेसीशहर नगरपालिकाको नाममा रहेको धरौटी **खाता नं ३०४०१००३०३००००००२** मा जम्मा गरेको बैंक भौचर सक्कल वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउ-पत्र खोल्ने मितिबाट ७५ दिन मान्य अवधि रहेको बैंक जमानत पेश गर्नुपर्ने छ ।

६. दरभाउ-पत्र पेश गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै पेश गर्नुपर्ने छ ।

७. पेश हुन आएका दरभाउपत्रदाताका दरभाउ-पत्रहरु मिति २०८१।०७।२७ गते दिनको १:०० बजे दरभाउपत्रदाताका प्रतिनिधिका रोहवरमा प्राविधिक प्रस्ताव खोलिने छ। दरभाउपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न वाधा पर्ने छैन ।

८. रितपुर्वक पेश नभएका र सर्त राखी पेश भएका दरभाउ-पत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन ।

९. प्राविधिक प्रस्तावमा सफल भएका दरभाउ-पत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मात्र खोलिने छ ।

१०. दरभाउ-पत्र फाराममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा उल्लेख भएको रलमलाई मान्यता दिइनेछ ।

११. फोहर व्यवस्थापन आय ठेक्काको ठेक्का वन्दोवस्त गर्दा सरसफाई शुल्क संकलनको स्वीकृत दररेट, तोकिएका जनशक्ति, उपकरण संख्या तथा मूल्याङ्कनका आधारहरु, फोहोर संकलन कार्यतालिका फाराम साथ उपलब्ध गराइने छ ।

१२. पेश भएका दरभाउ-पत्रहरु, स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

१३. प्राविधिक प्रस्तावमा उत्तीर्ण भई आर्थिक प्रस्तावमा सबै भन्दा बढी रकम कबोल गर्ने दरभाउ-पत्रदातालाई संझौताका लागि पत्राचार गरिनेछ ।

१४. ठेक्का अवधि कायम गर्दा सम्झौता भएको मिति देखि ३ वर्षको अवधि कायम हुनेछ ।

१५. ठेक्का सम्झौता हुँदाका बखत कवोल अंकको मू.अ.क. रकम १३% समेत ठेक्का रकम मानी कुल जम्मा ठेक्का रकम कायम गरिनेछ ।

१६. ३ वर्षको ठेक्का कवोल गरिएको रकमलाई ६ किस्तामा विभाजन गरी सम्झौताका बखत पहिलो किस्ता र हरेक ६।६ महिनाका हिसाबले छैठौ महिना भित्र अग्रिम रुपमा किस्ता बुझाउनु पर्नेछ ।

१७. सम्झौताका बखत दरभाउ-पत्रमा कबोल गरेको सम्पूर्ण रकमको कार्य सम्पादन जमानत बापत इजाजत प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ४० महिना मान्य अवधि रहेको बैंक जमानत पेश गर्नुपर्नेछ ।

१८. कबोल अंकको १३% मू.अ.क. र अग्रिम आयकर वापतको रकम सम्झौताको बखत दाखिला गर्नुपर्ने छ ।

१९. शुल्क संकलनका लागि इजाजत प्राप्त फर्मले वील छपाइ गरी कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ।

२०. फोहोरमैलालाई श्रोतमा नै वर्गिकरण गरी पूनः प्रयोग (Reuse), पूनः चक्रिय (Recycle) हुने तथा जैवीक/अजैवीक फोहोर छुट्याई सकेसम्म कम फोहोरमैला मात्र अन्तिम विसर्जन स्थलमा पुर्‍यानुपर्ने छ ।

२१. यस सूचनामा भएका कुराहरु यसै अनुसार र अन्यको हकमा प्रचालित नेपालको कानून वमोजिम हुनेछ ।

२२. यस बाहेक थप जानकारी लिनुपर्ने भएमा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत